नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट :www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०७९/०९/०७

## चिकित्सा शिक्षा स्नातकोत्तर तहका सम्पूर्ण शैक्षिक कार्यक्रमहरूमा म्याचिङ (Matching) प्रणालीबाट विद्यार्थी छनौटका लागि प्राथमिकता निर्धारण (Priority Setting) गर्नेसम्बन्धी विस्तृत् सूचना ।

चिकित्सा शिक्षाका स्नातकोत्तर तहको मिति २०७९/०९/०२, ०३ र ०४ गते सञ्चालन भएका विभिन्न शैक्षिक कार्यक्रमहरुको एकीकृत प्रवेश परीक्षाको मिति २०७९/०९/०४ र ०६ गते प्रकाशित नतिजाको योग्यताक्रममा रहेका खुला समूह तर्फका उम्मेद्वारहरूले अनलाइन प्राथमिकता निर्धारण (Online Priority Setting) गरी शिक्षण संस्था र शैक्षिक कार्यक्रम छनौट गर्नका लागि चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि २०७९ को दफा २४ अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

अनलाइन प्राथमिकता निर्धारण गर्नका लागि चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np:82 मार्फत् आफ्नो प्रोफाइलमा लगइन (log-in) गरी देहायमा उल्लेख गरिएको प्रक्रिया बमोजिम आफूले अध्ययन गर्न चाहेको शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकता गर्नु पर्नेछ । अनलाइन प्राथमिकता निर्धारण कार्य **एक पटक मात्र** गराइने र सोबाटै दुबै चरणको म्याचिङ हुने भएकाले योग्यताक्रममा रहेका खुला समूहका सम्पूर्ण उम्मेद्वारहरूले अनिवार्य रूपमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ । प्राथमिकताक्रम निर्धारण गर्न छुट भएका उम्मेदवारहरूले समापन म्याचिङका लागि निर्धारित प्रक्रिया बमोजिम अनलाइन आवेदन दिएमा समापन म्याचिङमा सहभागी गराइनेछ ।

प्रारम्भिक चरणमा **सरकारी समूह र विदेशी कोटाका सिटहरूमा भौतिक उपस्थितिमा** म्याचिङ (open house matching) गरिनेछ । सरकारी समूह र विदेशी कोटाका सिटहरूमा भर्ना भए पश्चात् रिक्त हुन आएका सिटहरूलाई नेपाली खुला तर्फ थप गरी देहायको तालिकाबमोजिम खुला समूह तर्फको म्याचिङ (matching) प्रक्रिया शुरु गरिने छ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

अ. सरकारी समूहतर्फको भौतिक उपस्थितिमा हुने म्याचिङ तालिका

| SN | Particulars | Date/Time (NST) |
|---|---|---|
| १ | First open house matching and result | २०७९ पौष १४, समय १:३० बजेदेखि |
| | First Admission OPEN | २०७९ पौष १७, समय १०:०० बजेदेखि |
| | First Admission CLOSE | २०७९ पौष २१, समय ४:०० बजे |
| २ | Second open house matching and result | २०७९ पौष २४, समय १०:०० बजेदेखि |
| | Second Admission OPEN | २०७९ पौष २५, समय १०:०० बजेदेखि |
| | Second Admission CLOSE | २०७९ पौष २९, समय ४:०० बजे |

आ. खुलातर्फको अनलाइन म्याचिङ तालिका

| SN | Particulars | Date/Time (NST) |
|---|---|---|
| १ | Online Priority Setting OPEN | २०७९ पौष १४ गते १०:०० बजेदेखि |
| | Online Priority Setting CLOSE | २०७९ पौष २२, ४:०० बजे |
| २ | First matching and result | २०७९ माघ ४ |
| | First Admission OPEN | २०७९ माघ ५, समय १०:०० बजेदेखि |
| | First Admission CLOSE | २०७९ माघ १०, समय ४:०० बजे |
| ३ | Second matching and result | २०७९ माघ १३ |
| | Second Admission OPEN | २०७९ माघ १५, समय १०:०० बजेदेखि |
| | Second Admission CLOSE | २०७९ माघ १९, समय ४:०० बजे |

**कक्षा प्रारम्भ :- २०७९/१०/२२ देखि (Academic session begins from February 05, 2023)**

खुला समूह तर्फको समापन म्याचिङ (wrap-up matching) :- २०७९/१०/२७ गते

**म्याचिङ (matching) प्रणालीमा शिक्षणसंस्था र शैक्षिक कार्यक्रम निर्धारण गर्ने प्रक्रिया :-**

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

१. एकीकृत प्रवेश परीक्षाको नतिजामा योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारले https://entrance.mec.gov.np:82 मा ब्राउज (browse) गरी Check your Status खण्डमा रहेको **"MECEE-PG 2022"** बटनमा क्लिक गर्नु पर्नेछ ।

२. प्रवेश परीक्षामा सामेल हुँदा दिएका विवरणहरू Nationality, level, program, contact number, date of birth र voucher number भरी "Search your status" बटन क्लिक गरी आफ्नो प्रोफाइल खुलेपछि त्यहाँ रहेको "Set College-Program Priority" बटनमा क्लिक गर्नु पर्नेछ ।

३. यस सूचनामा तथा शैक्षिक संस्था/विषय छनौट गर्ने अनलाइन प्रणालीमा दिइएका जानकारीहरू अध्ययन गरी प्राथमिकता निर्धारण गर्ने कार्य गर्नु पर्नेछ । सिट सङ्ख्या सम्बन्धी जानकारीका लागि आफ्नो प्रोफाइलको माथिल्लो भाग (top menu) मा रहेको "Seat distribution" मेनुमा क्लिक गरी जानकारी लिन सकिनेछ ।

४. प्राथमिकता निर्धारण गर्नका लागि आफ्नो प्रोफाइलमा रहेको "Add College and Program" बटनमा क्लिक गरेपछि शैक्षिक संस्था र विषय ड्रपडाउन मेनु (drop-down menu) मा देखिएको मेनुबाट प्राथमिकताक्रमका आधारमा शैक्षिक संस्था र विषय छनौट गर्नु पर्नेछ । त्यहाँ रहेको "Insert below" र "Insert above" बटनले उम्मेदवारहरुको प्राथमिकता क्रम थप्न/सच्याउन सकिनेछ ।

५. उम्मेदवारले प्राथमिकता निर्धारण गरेपछि "Save college program priority" बटनमा क्लिक गर्नु पर्नेछ । आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र विषय मात्र छनौट गरी प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।

६. आयोगले निर्धारण गरेको "Online Priority selection" को समयसीमा भित्र आफूले चयन गरेको प्राथमिकता संशोधन गर्न सकिनेछ । प्राथमिकता परिवर्तन गरे पश्चात् "Save college program priority" बटनमा क्लिक गरी सुरक्षित (save) गर्नु पर्नेछ । निर्धारित समय समाप्त भए पश्चात् प्राथमिकता संशोधन गर्न सकिने व्यवस्था नभएकाले सम्पूर्ण कार्य सावधानीका साथ गर्नु पर्नेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

७. शैक्षिक संस्था र विषय छनौट गर्दा निःशुल्क वा सःशुल्क (Paying) निक्यौंल गरी छनोट गर्नु पर्नेछ । सार्वजिनक शिक्षण संस्थाका सिटहरू नेपाली विद्यार्थीका लागि निःशुल्क तथा नीजि शैक्षिक संस्थामा आयोगले तोकेको शुल्क लागू हुने व्यवस्था रहेकोछ ।

८. उम्मेद्वारहरूले शैक्षिक संस्था र विषयको प्राथमिकता निर्धारण गर्न तोकिएको समय समाप्त भएपश्चात् आफूले निर्धारण गरेको प्राथमिकताको कन्फर्मेसन पेज (confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नु पर्नेछ ।

९. शैक्षिक संस्था र विषय छनौट गर्ने समय समाप्त भएपश्चात् उम्मेदवारको योग्यताक्रम, प्राथमिकता र उपलब्ध सिटका आधारमा computer based matching प्रणालीबाट माथि उल्लिखित कार्यतालिका बमोजिम पहिलो भर्ना सूची प्रकाशन गरिनेछ । तोकिएको समयाबधिभित्र भर्ना नहुने उम्मेदवारको नाम दोस्रो म्याचिङका लागि योग्यता सूचीबाट हटाई रिक्त हुन आएका सिटमा योग्यताक्रम तथा प्राथमिकताको आधारमा दोस्रो म्याचिङ गरी भर्ना सूची प्रकाशित गरिनेछ । म्याचिङको नतिजा उम्मेद्वारको प्रोफाइलबाट पनि हेर्न सकिनेछ ।

**भर्ना प्रक्रिया :-**

१. नेपाल सरकार, विश्वविद्यालय, प्रतिष्ठान वा अन्य संस्थाहरूमा स्थायीरुपमा कार्यरत उम्मेदवारहरूले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पूर्व-स्वीकृतिपत्र अनिवार्य रूपले अनलाइन आवेदनसाथ पेश गरेको हुनुपर्नेछ । सो अनुसार नभई विभागीय कारवाहीमा परेमा आयोग जिम्मेवार हुने छैन ।

२. विश्वविद्यालय वा प्रतिष्ठानमा भर्ना हुँदा एकीकृत प्रवेश परीक्षाका लागि अनलाइन आवेदन फारामका साथ पेश गरेका सम्बन्धित कागजातका सक्कल र प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

३. खुला तर्फको दोस्रो म्याचिङ सूचीमा परेका उम्मेदवारहरूलाई भर्नाका लागि प्रदान गरिएको समय समाप्त भए पश्चात् रिक्त हुन आएका सिटमा कुनै पनि शिक्षण संस्थामा भर्ना नभएका खुला समूहका सम्पूर्ण उम्मेदवारहरूबीच देहायबमोजिम भौतिक रूपमा उपस्थित भै सहभागी हुने समापन म्याचिङ प्रक्रिया अवलम्बन गरिनेछ ।

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

- समापन म्याचिङ (wrap-up matching) मा सहभागी हुन इच्छुक उम्मेदवारका लागि निश्चित अवधि प्रदान गरी अनलाइन आवेदन दिन आयोगको वेवसाइटमा सूचना प्रकाशन गरिनेछ ।
- तोकिएको समयभित्र अनलाइन आवेदन पेशगर्ने उम्मेदवारहरूको समापन म्याचिङ (wrap-up matching) को समय तालिका आयोगको वेबसाइटमा प्रकाशन गरिनेछ ।

४. झूठो विवरण पेश गरी आवेदन दिई म्याचिङमा परेको वा भर्ना गरेको पाइएमा त्यस्तो विद्यार्थीको भर्ना रद्द गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

५. आयोगको वेबपोर्टलमा https://entrance.mec.gov.np:82 तलको क्युआर कोड (QR code) बाट पनि लगइन गर्न सकिनेछ ।

उपसचिव
परीक्षा निर्देशनालय